# सन् २०१९ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

## उल्लेख गर्नैपर्ने केही कुरा

१. 'यो वर्ष' भन्नाले सन् २०१९ (२०७५ पुस १७ गतेदेखि २०७६ पुस १५ गतेसम्म) बुझ्नुपर्छ। यदाकदा घटनाले मागेका ठाउँमा बाहेक यस पुस्तकमा यो अवधिको सीमा नाघ्ने प्रयास भएको छैन । यसमा उल्लिखित घटनाहरू सबैजसो कार्यक्षेत्रमै गएर लिइएका जानकारीमा आधारित छन् । जसलाई प्रहरी, पीडित, आरोपित, न्यायिक आदि क्षेत्रद्वारा पुष्टि गर्ने प्रयास भएको छ।

२. नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।

३. मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्य–तथ्याङ्कलाई दुई प्रकारमा वर्गीकरण गरिएको छ :

(क) राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनालाई राज्यपक्षको तर्फबाट भनी समावेश गरिएको छ।

(ख) राज्यपक्षभन्दा बाहेकबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई अन्यपक्षबाट भनी समावेश गरिएको छ। अन्यपक्ष भन्नाले विभिन्न सशस्त्र समूह, अज्ञात पक्ष, राजनीतिक दल, परिवारजन आदिलाई बुझाउँछ। त्यसको विस्तृत विवरण अनुसूची २ मा रहेको तथ्याङ्कमा दिइएको छ । सामान्यतः व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।

४. पुस्तकमा उल्लेख गरिएका स्थानीय तहका नाममा केही त्रुटी हुन सक्छन् । त्रुटी भएका नामहरू बारे प्रवुद्ध पाठकबाट सुझाव आउने नै छ।

५. अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

६. न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ। कतिपय घटना इन्सेकको जानकारीमा आए पनि पुष्टि नभएकाले प्रकाशन गर्न सकिएन।

७. कारागारका बन्दी र कैदीको सङ्ख्या वर्षको अन्तिम (२०७६ पुस दोस्रो साता) को हो।

८. शिक्षा, कारागार, स्वास्थ्य, न्यायालय जस्ता जानकारी जिल्लास्थित सम्बन्धित कार्यालयका पदाधिकारीबाट लिइएका हुन्।

९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भन्नाले जिल्ला प्रहरी कार्यालयमा हुने पृथक निकाय हो ।

१०. पुर्पक्षका लागि थुनामा पठाइएको भन्नुको मतलव मुद्दा जारी छ भन्ने हो । तारेखमा वा धरौटीमा रिहा गरिएको भन्नुको मतलव पनि मुद्दा टुङ्गिएको छैन भन्ने हो ।

११. बलात्कारको घटनामा महिलाको नाम र ठेगाना उल्लेख गरिएको छैन भने विवरणहरू दिँदा पनि सकभर पीडित नचिनियुन् भन्नेतर्फ सतर्कता अपनाइएको छ।

१२. जिल्लामा मानव अधिकारका दृष्टिले सबैभन्दा बढी खड्किएको विषयलाई उठान गर्ने जमर्को गरिएको छ ताकि सरोकारवालाको त्यसमा ध्यान पुगोस्।

१३. नेत्र विक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई प्रतिबन्धित नेकपा भनी सम्बोधन गरिएको छ।

१४. जिल्लाका न्यायिक र अर्धन्यायिक निकाय तथा इन्सेक प्रतिनिधिको जानकारीमा नआएका मानव अधिकार उल्लङ्घनका घटना यसमा समावेश छैन।

१५. नेपालको संविधानले नै १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ।

१६. स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि राज्यप्रदत्त यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ।

१७. सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

१८. विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१९. स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ । यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ ।

२०. जनसङ्ख्या, महिला, परिवार सङ्ख्या, आश्रित जनसङ्ख्या (केन्द्रीय तथ्याङ्क विभागको अनुमान २०१६), गरिबीको रेखामुनि रहेको सङ्ख्या, कामका लागि बाहिरिएका, अपाङ्गता भएका, पाँच वर्षमाथिको साक्षरता प्रतिशत र सरकारी विद्यालय प्रत्येक जिल्लामा उल्लेख गर्नुको कारण यिनले मानव अधिकार प्राप्तिमा जगको काम गर्ने भएकाले हो। जसको आधार केन्द्रीय तथ्याङ्क विभागको विक्रम संवत् २०६८ को जनगणना हो।

२१. तथ्य तथ्याङ्क समावेश गर्दा त्रुटि नहोस् भनी सजगता अपनाइएको छ। भुलवश कुनै त्रुटि भएमा मूल अभिलेखमा भएको तथ्य तथ्याङ्क नै आधिकारिक हुनेछ।

## तथ्याङ्कका अन्य स्रोत

१. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०१३
२. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू
३. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू
४. १९९२ देखि २०१९ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकहरू
५. वर्ष पुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।
६. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्।
७. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय